## पुस्तक समीक्षा

**पुस्तक** : डेभ्लपिङ् अल्टरनेटिभ मिडिया ट्रेडिसन्स् इन नेपाल
**लेखक** : माइकल विल्मोर
**प्रकाशक** : मार्टिन चौतारी
**पृष्ठ** : २४२
**मूल्य** : रु. ५००।-
**प्रकाशन मिति** : सन् २००९




सूचना र सञ्चारको सन्दर्भमा अरू देशको तुलनामा नेपालले थोरै समयमा आमसञ्चार र वैकल्पिक सञ्चारका आधुनिक तथा विविध प्रकारका प्रविधि र माध्यमको अभ्यास गर्ने अवसर पाएको छ। राजनीतिक, सामाजिक र आर्थिक रूपमा त्यसको प्रभाव पनि देख्न पाइएको छ। सन् १९९० को प्रजातान्त्रिक आन्दोलनपछि मिडियाले राजनीतिक परिवर्तन र निकासलाई सहज बनाउन सघाएको स्पष्ट छ।

अहिले नेपाली मिडियामा सङ्ख्यात्मक र गुणात्मक तवरले जुन वृद्धि भएको छ त्यसको मुख्य कारक राजनीतिक परिवर्तन, सूचना तथा सञ्चारका प्रविधि र माध्यममा भएको विकास नै हो। देशभित्र भएको शैक्षिक तथा आर्थिक विकास अनि विश्वव्यापीकरण र उदार अर्थतन्त्रको प्रभाव पनि अन्य कारकतत्व हुन्। नेपालमा मिडियाको विकास र यसका प्रभावका सन्दर्भमा मानवशास्त्रीय दृष्टिबाट अध्ययन, अनुसन्धान भएको प्रायः देखिँदैन। माइकल विल्मोरको पुस्तक *डेभ्लपिङ् अल्टरनेटिभ मिडिया ट्रेडिसन्स् इन नेपाल* वैकल्पिक मिडियाको विकासका सन्दर्भमा नेपालमा भएको मानवशास्त्रीय अध्ययन र अनुसन्धानको एउटा गहन कृति हो।

नेपालमा सन् १९९० को प्रजातान्त्रिक आन्दोलनले देशभरि दबिएको आवाजलाई मुक्त गऱ्यो। यसको परिणाम र प्रभाव सन् २००६ को लोकतान्त्रिक

जनआन्दोलनमा प्रत्यक्ष देखियो र अहिले अझ व्यापक बन्दैछ । एफएम रेडियोको माध्यमबाट सामुदायिक रेडियोको विस्तार र विकास त्यसको एउटा ज्वलन्त उदाहरण हो । यो प्रभाव नयाँ प्रविधि र माध्यममार्फत थुप्रै निजी टेलिभिजन च्यानलको विकास, सामुदायिक टेलिभिजनको अवधारणाको विकास, विभिन्न नाममा भएका वैकल्पिक मिडियाको विकासमार्फत देखियो साथै इन्टरनेटको प्रयोग व्यापक बन्दै छ । निजी ब्लग र वेबसाइटहरूको रूपमा देखिँदै छ ।

सन् १९९० को दशकको सुरुका वर्षमा तानसेनका केही उत्साही उद्यमीहरूको एउटा जमातले भिडियो, क्यामेरा, भिडियो क्यामेरा, टेलिभिजन सेट र केबुलको प्रयोग गरेर दक्षिण एसियामा नै पहिलोपल्ट आफ्नै टेलिभिजन स्टेसन सञ्चालन गरेका थिए । यो थाहा पाएका माइकल विल्मोरले यसैलाई आफ्नो विद्यावारिधिका लागि गरिने अनुसन्धानको विषय बनाए ।

नेपालको तत्कालीन राजनीतिक परिवेश, सञ्चारसम्बन्धी नीतिगत आधार, प्रविधिको विकास तथा जनताको परिवर्तनको तीव्र चाहनालाई हेर्दा नेपालका अन्य भागमा पनि मूलधारका आमसञ्चारमाध्यमको विकल्पमा वैकल्पिक मिडिया विकास हुनसक्ने परिस्थिति सिर्जना भइसकेको थियो । तर पाल्पामा नै पहिले किन र कसरी भयो भन्ने खोतल्नु माइकल विल्मोरको अध्ययनको उद्देश्य थियो । यसमा नेपालमा वैकल्पिक मिडिया भनेर चिनिएको मूलधारभन्दा बेग्लै मिडियाको विकासबारे विल्मोरले गहन विश्लेषण गरेका छन् । के पाल्पाको तानसेनमा भएको जस्तो वैकल्पिक मिडियाको विकास नेपालका वा विश्वका अन्य ठाउँमा पनि सम्भव छ त ? यसबारे लेखकले कुनै पनि ठाउँमा हुने मिडियाको विकासका पछाडि मानवशास्त्रीय पक्षका साथै अन्य भौतिक परिस्थितिको अध्ययन र विश्लेषणलाई आधार मानेर भनेका छन्– एक ठाउँमा भएको यस्तो विकास अरू ठाउँमा उस्तै रूपमा सम्भव छैन । यसको कारण यही पुस्तक पढेपछि स्पष्ट हुन्छ ।

यो पुस्तक आठ अध्यायमा विभाजित छ । पहिलो अध्यायको शीर्षक छ – 'परिचय : तानसेनमा टेलिभिजन कसरी आयो ?' यसको पहिलो खण्डमा नेपालको प्राकृतिक र मानव भूगोलका साथै यो अध्ययन सम्पन्न गर्दा (सन् १९९६) सम्मको राजनीतिक इतिहास सङ्क्षेपमा उल्लेख गरिएको छ । दोस्रो खण्डमा तानसेनको परिचय र स्थानीय टेलिभिजन सञ्चालन गर्ने संस्था रत्न केबुल टेलिभिजन र विकासको लागि सञ्चार, पाल्पा (सीडीपी) को बारेमा चर्चा छ ।

दोस्रो अध्याय, 'मूलधार बाहिरका मिडियाको अवधारणाको जन्म' मा रत्न केबुल र विकासको लागि सञ्चार, पाल्पा संस्थाको स्थापना र सुरुका कामका बारेमा लेखिएको छ । साथै गैरमूलधारका मिडिया, वैकल्पिक मिडिया, स्थानीय, रैथाने,

सामुदायिक, नागरिक आदि विभिन्न नामले त्यस बेला अभ्यास गरिएका मिडियाबारे चर्चा गर्दै यस खालका मिडियाको स्पष्ट परिभाषा खोज्ने प्रयास गरिएको छ ।

तेस्रो अध्याय, 'विकासको लागि सञ्चार : नेपालको मिडिया क्रान्ति' मा नेपाली मिडियाको अवस्थाबारे व्यापक चर्चा गर्दै वैकल्पिक मिडियाको विकासमा नेपाली अभ्यासले पारेको प्रभावबारे अध्ययन गरिएको छ । साथै नेपालमा विकाससँग जोडेर सन् १९५० को दशकदेखि मिडियाको क्षेत्रमा भएका प्रयासहरू उल्लेख छ ।

चौथो अध्याय, 'एउटा पहाडी सहरको उन्नति र अवनति' मा पाल्पा र तानसेनको उन्नति र अवनति कसरी भयो भन्ने ऐतिहासिक तथ्यहरू प्रस्तुत गरिएको र त्यसैको आधारमा रत्न केबुल तथा सीडीपीको जन्म र विकासलाई स्थानीय सन्दर्भमा विश्लेषण गरिएको छ । नेपालको एकीकरण भए पनि पाल्पाले स्थानीय पहिचानको गौरव बिर्सन नसकेको र यसले त्यहाँको विकासमा प्रभाव पारेको तर्क यहाँ उल्लेख छ ।

पाँचौँ अध्याय, 'विविधता र विशेषता : तानसेनका निवासीहरू' मा तानसेनका बासिन्दाहरूको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । त्यहाँका बासिन्दाहरूको जातीय, भाषिक, सांस्कृतिक, धार्मिक आदि विविधता र विशेषताहरूको उल्लेख गर्नुका साथै सन् १९९० पछि त्यहाँका स्थानीय बासिन्दाको तीव्र बसाइँसराइको प्रवृत्ति वर्णन गरिएको छ ।

छैटौँ अध्याय, 'समुदाय, विकास र सवलीकरण' यस पुस्तकको विशेष महत्त्वपूर्ण अध्याय हो । यसमा विकासबारे बहस र आदर्शलाई रत्न केबुल र सीडीपीको विकाससँग जोडेर विश्लेषण गरिएको छ । स्थानीय टेलिभिजनले प्रस्तुत गर्ने विषयवस्तु र विकासका विषयवस्तुबीचको सम्बन्ध केलाइएको छ । वास्तवमा आत्मपहिचानको खोजीको प्रयासमा विकासका विषय जोडिएको कुरा स्पष्ट हुन्छ । यो प्रवृत्ति अन्यत्र सञ्चालित कतिपय वैकल्पिक मिडियामा पनि देखिन्छ ।

सातौँ अध्याय, 'परम्पराको टेलिभिजनीकरण : संस्कृतिसँग सम्बन्धन/मध्यस्थीकरण' मा रत्न केबुल र सीडीपीले बनाएका कार्यक्रमहरू, खास गरी धार्मिक चाडपर्वका कार्यक्रमहरूको विश्लेषण गर्दै ती कार्यक्रम बन्नु र अन्य कतिपय कार्यक्रम नबन्नु पछाडिका सामाजिक राजनीतिक कारणहरूको विश्लेषण गरिएको छ । सार्वजनिक क्षेत्रमा कुनै समुदाय र सामाजिक पहिचान बनाउनका लागि आमसञ्चारलाई कसरी उपयोग गरिन्छ भन्ने कुरा बुझ्न पनि यसले सघाउँछ ।

अन्तिम, अर्थात् आठौँ अध्यायको शीर्षक छ : 'निष्कर्ष : हाम्रा मानिस' । यो अध्यायमा बितेको दशकमा नेपालको मिडिया क्षेत्रमा भएका महत्त्वपूर्ण परिवर्तनहरूको

सङ्क्षेपमा चर्चा गरिएको छ । खास गरी पछिल्लो जनआन्दोलनभन्दा पहिले राज्य तथा विद्रोही माओवादीका तर्फबाट अभिव्यक्ति स्वतन्त्रताको हकमाथि आइलागेको अवस्थाको विरोधबारे चर्चा गरिएको छ । समकालीन नेपाल र विश्व परिस्थितिमा साना टेलिभिजनजस्ता नयाँ प्रविधिको माध्यमले जनताको जीवनमा कसरी प्रभाव पार्छ भन्ने बुझ्न यसले सघाउँछ । अरू ठाउँमा पनि यस्ता प्रयासहरूको सम्भावना अध्ययन गर्न खोज्नेहरूका लागि उपयोगी सामग्री प्रदान गर्नुका साथै साना टेलिभिजन स्थापनाका सम्भावना र सान्दर्भिकताबारे यो अध्यायले महत्त्वपूर्ण जानकारी दिन्छ । पुस्तकको अन्त्यतिर उल्लिखित स्रोतको सन्दर्भ सामग्री र सन्दर्भसहितको अनुक्रमणिका (इन्डेक्स) दिइएको छ ।

माइकल विल्मोर अध्ययनका क्रममा सन् १९९५ र १९९६ मा झण्डै एक वर्ष जति पाल्पा बसेका थिए । अध्ययन पूरा गरेपछि पनि उनी नेपालका मिडियासम्बन्धी अध्ययन र अनुसन्धानमा संलग्न छन् । उनका अनुसन्धानपत्र, लेखहरू पत्रपत्रिका, जर्नल र वेबसाइटहरूमा प्रकाशित देखिन्छन् । यो पुस्तक उनको विद्यावारिधि अनुसन्धानमा आधारित भए पनि सो अध्ययन पूरा गरेपश्चात् मिडियाको क्षेत्रमा नेपालमा भएका गतिविधि र विकासका कुरा उनले पुस्तकमा समावेश गरेका छन् ।

सन् १९९० को प्रजातान्त्रिक आन्दोलन सफल भएपछि पाल्पामा दक्षिण एसियामै पहिलो तीन खालका वैकल्पिक मिडियाको थालनी भएको थियो– १) *गाउँले देउराली पत्रिका (साप्ताहिक)*, २) स्थानीय टेलिभिजन र ३) सामुदायिक *रेडियो मदनपोखरा* । यसका पछाडि अन्य कारण बाहेक पाल्पाको राजनीतिक इतिहास, शैक्षिक स्थितिजस्ता मानवीय कारणहरू थिए भन्ने कुरा लेखकको विश्लेषण छ । तर यो पुस्तक मूल रूपमा तानसेनमा रत्न केबुल र विकासका लागि सञ्चार, पाल्पा संस्थाले सञ्चालन गरेको सामुदायिक टेलिभिजनको अध्ययनमा आधारित छ ।

नयाँ राजनीतिक परिवेशमा नयाँ सूचना तथा सञ्चारका प्रविधि र माध्यमहरूलाई स्थानीय मानिसहरूले आफ्नो हितमा कसरी उपयोग गर्छन् भन्ने थाहा पाउनु लेखकको रुचि थियो । यसको लागि लेखकले पाल्पा तानसेनमा सञ्चालित स्थानीय टेलिभिजनको सेरोफेरोमा नेपालमा मूलधारको पत्रकारिताभन्दा भिन्न, वैकल्पिक पत्रकारिता, सामुदायिक सञ्चार, सहभागितात्मक सञ्चार, ग्रामीण पत्रकारिता आदि नामबाट स्थानीय स्तरमा भइरहेका सञ्चारका विभिन्न प्रयोगहरूलाई केलाएका छन् । यही अध्ययनलाई आधार मानेर लेखकले तत्कालीन परिवेशमा नयाँ प्रविधिका माध्यमले नेपालमा कस्तो वैकल्पिक सञ्चारप्रणालीको

विकास भयो भन्ने कुरा पुस्तकमा उतारेका छन् । साथै जनताको आवश्यकता र प्रविधिको उपलब्धताले मात्रै सञ्चारप्रणालीको विकास हुँदैन, यसका लागि राजनीतिक, सामाजिक र सांस्कृतिक पक्षले पनि निर्णायक भूमिका खेल्छ भन्ने उनले स्पष्ट पार्न खोजेका छन् । प्राविधिक विकासको कोणबाट हेर्दा भिडियो क्यामेरा, टेलिभिजन सेट र केबुल प्रविधि – यी तीन कुराको उपलब्धताले तानसेनमा स्थानीय टेलिभिजन सुरु भएको देखिन्छ । तर यी साधनहरू उपलब्ध हुँदैमा जुन पनि समुदायमा टेलिभिजन सञ्चालन हुन सक्दैन । यसको पछाडि समुदायको इतिहास, राजनीति, संस्कृति, अर्थतन्त्र र समग्रमा मानवशास्त्रीय विविध तत्त्वहरूले काम गरिरहेका हुन्छन् भन्ने लेखकको ठम्याइ छ ।

पुस्तकमा वैकल्पिक मिडियाको उपयोगद्वारा समुदायका पक्षमा बोल्ने प्रयास गर्दा यिनका जन्मदाताहरूले भोगेका बाधा व्यवधानलाई पनि बडो सूक्ष्म तरिकाले चर्चा गरिएको छ । नेपालजस्ता विकासशील मुलुकका मानिसहरूले कसरी आमसञ्चारलाई उपयोग गर्छन् भन्ने बारेमा लेखकले मौलिक तथा मानवशास्त्रीय दृष्टिकोण प्रस्तुत गरेका छन् । वास्तवमा अरू देशको तुलनामा नेपालमा पाटी र भित्तेपत्रिकादेखि अडियो टावर हुँदै ब्लगसम्म वैकल्पिक मिडियाका अनेकौं र अनौठा प्रयोगहरू भएका छन् । यी सबै पक्षलाई यति सूक्ष्म रूपमा केलाइएकाले यो पुस्तकको महत्त्व बढ्न पुगेको छ । यसबाट मिडियाका मात्रै होइन मानवशास्त्रका अनुसन्धानकर्ताहरू पनि लाभान्वित हुन सक्छन् । नेपालको अध्ययनबाट विश्वका अन्य मुलुकमा भएका यस्ता प्रयासहरू बुझ्न यसले सहज र सरल बनाएको छ ।

पुस्तक पढेपछि के कुरा स्पष्ट हुन्छ भने वैकल्पिक मिडियाको निश्चित परिभाषा हुँदैन । विश्वका हरेक मानव समुदायका आफ्नै विशेषता भएजस्तै उनीहरूले प्रयोग गर्ने सञ्चारको पनि आ-आफ्नै विशेषता हुन्छ । जब मूलधारका मिडियाले कुनै समुदायको सांस्कृतिक, राजनीतिक, आर्थिक तथा मनोरञ्जनलगायत अन्य मानवीय आवश्यकता पूरा गर्दैन; जब राजनीतिक परिवर्तनअनुसार समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक परिवर्तनको लागि मूलधारका मिडिया असहयोगी बन्छन्; जब समुदायको पहिचान, प्रतिनिधित्व र हितलाई मिडियाले बेवास्ता गर्छ, जब मिडियाले जनताको आवाज बन्न छाडेर मिडिया मालिक वा विज्ञापनदाताको आवाज बन्न थाल्छ; जब नाफामुखी पत्रकारिताले जरा गाड्छ तब समुदाय आफैँ आफ्नो सञ्चार आवश्यकता पूरा गर्नका लागि विभिन्न नाममा वैकल्पिक मिडिया सञ्चालन गर्न तत्पर हुन्छ । यो सम्भावना व्यवहारमा परिणत हुनका लागि कुनै समुदाय प्रेरित र बाध्य हुन्छन् कि हुँदैनन्, सफल हुन्छन् कि हुँदैनन् भन्ने कुरा

सो समुदायको इतिहास र मानवशास्त्रीय गुणहरूमा भर पर्छ। यसैले होला लेखकले पुस्तकको पहिलो अध्यायको थालनीमा नै दार्शनिक कार्ल मार्क्सको उक्तिबाट गरेका छन्। मार्क्स भन्छन्, "मानिसहरूले आफ्नो इतिहास आफैँ बनाउँछन्, तर उनीहरूले आफूखुशी इतिहास बनाउँदैनन्; उनीहरूले आफूले चाहेजस्तो परिस्थितिमा इतिहास बनाउँदैनन्, अपितु विगतले प्रत्यक्ष रूपमा दिएको, नियमित वा आकस्मिक ढङ्गले प्राप्त गरेको वा हस्तान्तरित गरेको परिस्थिति अन्तर्गत रहेर उनीहरूले इतिहास बनाउँछन्।"

पुस्तकमा नयाँ प्रविधि, नयाँ राजनीतिक वातावरण र स्थानीय जनताको संलग्नतामा रत्न केबुल टिभी/सीडीपी कसरी स्थापना र सञ्चालन भयो भन्ने विषयमा विस्तृत चर्चा र विश्लेषण गरिएको छ। लेखकले रत्न केबुल टिभीले प्रसारण गर्ने कार्यक्रमहरूको सामाजिक पक्षका बारेमा प्रकाश पारेका भए पनि राजनीतिक पक्षका बारेमा भने पुस्तकमा गहन विश्लेषण छैन। त्यस बेला पाल्पामा सक्रिय प्रमुख दुई राजनीतिक दलका स्थानीय समाचार प्रसार गर्ने मेसोमा सञ्चालकहरूलाई निक्कै गाह्रो परेको थियो। कतिपय अवस्थामा स्थानीय राजनीतिक नेताहरूको मुख हेरेर समाचारमा तोडमरोड गर्नु परेको थियो। खास गरी चुनाव र एउटा राजनीतिक दलले चलाएको आन्दोलनको बेलाका समाचार सधैँ प्रश्नको घेरामा पर्ने गरेका थिए। सन्तुलन मिलाउने नाममा सन्दर्भहीन समाचार पनि प्रसार गरिन्थ्यो। यस्ता स्थानीय राजनीतिक विषय र घटनाका समाचारमा भएका कमीकमजोरीहरूबारे पुस्तक मौन छ। यसका पछाडि स्थानीय क्षेत्रमा लेखकको बसाइँ र निकट सम्पर्कले पनि प्रभाव पारेको हो कि भन्न सकिन्छ।

समग्रमा विभिन्न देशमा स्थानीय समुदायले आफ्नो पहिचान, अधिकार र विकासका लागि मिडियाका विभिन्न तरिका/उपायहरू प्रयोग गरेका छन्। यस प्रकारको प्रयोगलाई धेरैले वैकल्पिक मिडिया भनेर बुझ्ने गरेका थिए भने अहिले नागरिक मिडिया (सिटिजन्स मिडिया) नाम लोकप्रिय बन्न थालेको छ। यो पुस्तकले नागरिक मिडियाको उत्पादन र उपयोगबारे बुझ्न पाठकलाई सघाउँछ। साथै, नागरिक मिडियाको सम्बन्धमा छलफल गर्नका लागि बलियो मानवशास्त्रीय आधार उपलब्ध गराउँछ।

**विनय कसजू**
vinaya@wlink.com.np